बाँकी पृष्ठ १ बाट ...

बैंकका ग्राहकको...

यसका लागि आर्थिक वर्ष (आव) २०८०/८१ मा अध्ययन गरेको राष्ट्र बैंकले २०८१/८२ मा भने राष्ट्रिय परिचयपत्रलाई सेन्ट्रलाइज्ड केवाईसीमा आद्वद्ध गर्न सम्बद्ध निकायसँग आवश्यक समन्वय गरिने उल्लेख थियो ।

सरकारले सम्पत्ति शुद्धीकरण निवारण नियमावली-२०८१ मा सूचक संस्थाहरूले ग्राहक पहिचानका लागि सरकारले नागरिकता प्रमाणपत्र वा राष्ट्रिय परिचयपत्र जारी गर्दा राखेको विद्युतीय अभिलेख प्रयोग गर्न सक्ने व्यवस्था गरेसँगै राष्ट्र बैंकले २०८१ माघ १ देखि बैंक, वित्तीय संस्थाले खाता खोल्दा राष्ट्रिय परिचयपत्र अनिवार्य गर्नका साथै परिचयपत्रको विद्युतीय अभिलेखमा रहेको विवरणमा पहुँचका आधारमा ग्राहक पहिचान तथा सम्पुष्टि गर्न सक्ने व्यवस्था गरेको थियो । तर, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐनमा व्यक्तिगत विवरण गोप्य रहने र सार्वजनिक निकायले मात्र प्रयोग गर्न पाउने व्यवस्थाका कारण बैंकहरूले यसमा पहुँच पाएका छैनन् ।

हालसम्म बैंकहरूले खाता खोल्दा परिचयपत्र नम्बर लिएर राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाइटबाट 'म्यानुअल' रूपमा मात्र त्यसको आधिकारिकता परीक्षण गर्दै आएका छन् । कर्जा सूचना केन्द्रमा नेपाल राष्ट्र बैंकको समेत लगानी छ । त्यसैमार्फत परिचयपत्रका सूचनामा बैंक, वित्तीय संस्थालाई पहुँच दिन लागिएको छ ।

हाल सर्वसाधारणले आफ्नो खाता भएका बैंकहरूमा फरकफरक ग्राहक पहिचान (केवाईसी) विवरण बुझाउनुपर्ने बाध्यता छ । केन्द्रीय ग्राहक पहिचान प्रणाली स्थापना भएपछि सर्वसाधारणका सूचनाहरू उक्त प्रणाली सञ्चालकले अद्यावधिक गर्न र बैंकहरूले सोही संस्थाबाट ग्राहकको सूचना आदानप्रदान गर्नेछन् । राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल ग्राहकको सूचना अद्यावधिक गर्न बैंकहरूले ठूलो खर्च गर्दै आएकाले सेन्ट्रलाइज्ड केवाईसी लागू भएमा धेरै राहत हुने बताउँछन् ।

'सम्पत्ति शुद्धीकरण निवारण निर्देशनअनुसार बैंकहरूले ग्राहकको वर्गीकरण गरी जोखिमका आधारमा विवरण अद्यावधिक गर्नुपर्छ,' उनले भने, 'यो सूचना कुनै एउटा कम्पनीबाट लिन सक्ने हो भने बैंकहरूलाई र धेरै बैंकमा खाता भएका ग्राहकका लागि पनि सहज हुन्छ ।' हाल बैंक, वित्तीय संस्थाहरूमा सर्वसाधारणका ६ करोड २० लाख निक्षेपका र २० लाख ४० हजार कर्जाका खाता रहेका छन् । एकै व्यक्तिले एकभन्दा बढी बैंकमा खाता खोली कारोबार गर्ने भएकाले जनसंख्याको तुलनामा खाताको संख्या बढी छ । सर्वसाधारणले बैंकपिच्छे हरेक वर्ष ग्राहक पहिचान (केवाईसी) फारम भर्नुपर्ने झन्झट बेहोर्दै आएका छन् । उक्त समस्या समाधान गर्न राष्ट्र बैंकले सबै वित्तीय संस्थाले प्रयोग गर्न मिल्ने गरी केन्द्रीय ग्राहक पहिचान प्रणाली निर्माण गर्ने लागेको हो । भारतमा सन् २०१६ देखि नै केन्द्रीय ग्राहक पहिचान प्रणाली कार्यान्वयनमा आइसकेको छ । भारत सरकारको समेत शेयर लगानीमा स्थापना भएको कम्पनीले ग्राहकको पहिचान दर्ता गरी वित्तीय संस्थाहरूलाई उपलब्ध गराउँदै आएको छ ।

सम्पत्ति शुद्धीकरण निवारणसम्बन्धी कानूनको प्रावधानअनुसार वित्तीय कारोबार गर्ने संस्थाहरूले आफ्नो ग्राहकको विवरण अद्यावधिक राख्नुपर्छ । तर, सर्वसाधारणले कारोबार गर्ने संस्थापिच्छे आफ्नो विवरण अद्यावधिक गर्नुपर्ने प्रावधानलाई झन्झटिलो मान्दै आएका छन् । यसकै कारण बैंकमा निष्क्रिय खाताको संख्या पनि बढिरहेको छ । राष्ट्र बैंकका अनुसार वाणिज्य बैंकहरूमा १० वर्षसम्म निष्क्रिय खाताको संख्या ४३ लाख हाराहारी छ ।

देशभर चल्ने...

विद्युतीय सवारी उत्पादन तथा जडानसंग सम्बद्ध उद्योगलाई सहूलियत ऋण, गुणस्तर नियमन र प्रविधि हस्तान्तरणमार्फत सुदृढ बनाउनुपर्ने र नेपाली जनशक्तिलाई दक्ष बनाउने अभियान सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याइएको छ । साथै, सरकारी निकायले सवारी खरीद गर्दा अनिवार्य रूपमा विद्युतीय रोज्नुपर्ने व्यवस्था गर्नुपर्ने पनि प्रतिवेदनले सुझाव दिएको छ । उच्च प्रविधियुक्त विद्युतीय सवारीको प्रयोग बढाउन आवश्यक पूर्वाधार पनि अपर्याप्त रहेको प्रतिवेदनले उल्लेख गरेको छ । प्रतिवेदनले विद्यमान चुनौतीहरूमा व्याट्रीको उच्च लागतलाई पनि प्रमुख रूपमा उल्लेख गरेको छ । 'लिंड एसिड व्याट्रीको कार्यक्षमता कम भए पनि सस्तो छ भने लिथियम आयन व्याट्री प्रावकारी भए पनि अत्यधिक महँगो रहेको छ,' प्रतिवेदनमा भनिएको छ ।

नेपालको सडक पूर्वाधार कमजोर हुँदा विद्युतीय सवारी सञ्चालनमा समस्या देखिएको समेत अध्ययन कार्यदलको प्रतिवेदनमा उल्लेख छ । अध्ययनअनुसार करीब १ लाख किलोमीटर सडक सञ्जालमध्ये एक चौथाइ मात्र कालोपत्र रहेको र इन्टरनेशनल रफनेस इन्डेक्स उच्च भएकाले ग्राउन्ड क्लियरेन्स कम भएका सवारी सञ्चालनमा कठिनाइ भइरहेको छ ।

दक्ष जनशक्ति अभाव अर्को प्रमुख समस्या रहेको प्रतिवेदनले औंल्याएको छ । ममंत र चार्जिङ क्षेत्रमा प्राविधिक ज्ञान तथा शीपको कमी हुँदा सवारीको दीर्घकालीन सञ्चालनमा चुनौती देखिएको छ । साथै, निजीक्षेत्रको सहभागिता सीमित रहेको र सरकारको प्रोत्साहन नीति अस्थायी भएकाले लगानीमा हिचकिचाहट भएको समेत प्रतिवेदनले औंल्याएको छ । बैंक तथा बीमा कम्पनीहरूले पनि विद्युतीय सवारी फाइनान्सिङलाई जोखिमपूर्ण मान्दा निजीक्षेत्र उत्साहित हुन नसकेको प्रतिवेदनमा उल्लेख छ ।

प्रविधिको उपलब्धता सीमित हुनु, उच्च क्षमताका चार्जर तथा व्याट्री रिसाइकिलङ उपकरणको अभाव हुनु, आयात मापदण्ड स्पष्ट नहुँदा गुणस्तर नियन्त्रण कमजोर हुनु र चालक अनुमतिपत्र प्रणाली पेट्रोलियम सवारी अनुकूल भएकाले ईभी अनुकूल तालिम अभाव रहनुजस्ता समस्या पनि प्रतिवेदनले औंल्याएको छ । यी कारणले दुर्घटना जोखिम बढिरहेको समेत प्रतिवेदनमा उल्लेख छ ।

सरकारले इन्धनको खपत कम गर्न र नेपालको विद्युत् उपयोग बढाउन पुराना डिजेल तथा पेट्रोल गाडीलाई विद्युतीयमा बदल्न स्वीकृति दिइसकेको छ । तर, रूपान्तरण कम मात्रमा भइरहेका छन् । नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघका कार्यवाहक अध्यक्ष सरोज सिटौलाले रूपान्तरण गर्न राज्यले अझै पनि व्यावहारिक नीति नलिएको बताए । 'ईभीमा रूपान्तरणका लागि सरकारले भनेर मात्रै भएन,' उनले भने, 'राज्यले स्पष्ट नीति र व्यवसायीलाई सुविधा दिनुपर्छ ।' उनका अनुसार विद्युतीय सवार साधन खरीदका लागि राष्ट्र बैंकको मौद्रिक नीतिले तोकेको ऋण मूल्य अनुपातको सीमितता हटाउनुपर्छ र सहुलियत बढाउनुपर्छ ।

कलंकी-वसुन्धरा...

उहाँ नै प्रधानमन्त्री भएको १ महीनापछि नेपाल र चीनबीच उक्त खण्ड विस्तारका लागि चिनियाँ सहयोग सुनिश्चित गर्न हस्ताक्षर भएको हो ।

चीन सरकारको अनुदानमा ८ लेनमा विस्तार हुने उक्त सडकको विस्तारको निर्माण कार्यमालाग्ने कर नेपाल सरकारले बेहोर्नुपर्नेछ । सम्झौतापछि मन्त्री लम्सालले परियोजना कार्यान्वयनका क्रममा समस्या उत्पन्न भए १ दिनमै समाधान गर्दै आवश्यक सहजीकरण गरिने प्रतिबद्धता व्यक्त गरे ।

सडक विभागको विकास सहायता कार्यान्वयन महाशाखाका उपमहानिर्देशक अर्जुनप्रसाद अर्यालले सम्झौतासँगै अब उक्त खण्ड निर्माणका लागि चिनियाँ पक्षले बोलपत्र आह्वानको प्रक्रिया शुरू गर्ने जानकारी दिए । यद्यपि चिनियाँ पक्षले कहिले साइटमा आएर काम गर्छ भन्ने तत्काल यकीन भने भइनसकेको उनको भनाइ छ । चिनियाँ परामर्शदाताले उक्त खण्डको सर्वे डिजाइन गरिसकेको र सोको प्रतिवेदन भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत सडक विभागसमक्ष पेश गर्ने उनको भनाइ छ ।

प्रतिवेदनमा केही संशोधन गर्न आवश्यक भए संशोधन गर्न आग्रह गरिने र नभएमा सोही प्रतिवेदन विभागले स्वीकृत गरेपछि मात्रै चिनियाँ पक्षले बोलपत्र आह्वान प्रक्रिया शुरू गर्नेछ । 'ठेकापट्टामा चिनियाँ कम्पनी जाने र उनीहरूले नै निर्माण कम्पनी छनोट गर्न भएकाले त्यसमा केकति समय लाग्छ, साइटमा ठ्याक्कै कहिलेदेखि काम शुरू हुन्छ भन्ने कुरा अहिले नै यकिन गर्न सकिँदैन,' अर्यालले भने, 'चिनियाँ पक्षले नै छनोट भएको कम्पनीका विषयमा जानकारी दिने र नेपाली पक्षले साइट हस्तान्तरण गरेर काम अघि बढाउन भन्ने हो ।' चिनियाँ पक्षले अनुदानमा बनाउने र करको रकम भने नेपाल सरकारले नै बेहोर्नुपर्ने उनको भनाइ छ ।

सडक विभागको काठमाडौं चक्रपथ सडक विस्तार योजनाका योजना प्रमुख आशिका पोखरेलले अहिले सर्भिस लेनको काम भइरहेको जानकारी दिइन् । ३ ओटा ठेक्कामार्फत सर्भिस लेन निर्माणको काम भइरहेको र हालसम्म ७५ प्रतिशत काम भइसकेको उनले जानकारी दिइन् । सर्भिस लेन नेपाल सरकारले आफ्नै लगानीमा बनाइरहेको छ । ८ दशमलव २ किलोमीटरको सर्भिस लेन बन्ने र यो सर्भिस लेनको काम चालू आर्थिक वर्ष २०८२/८३ को अन्त्यसम्ममा सकिने पोखरेलले बताइन् ।

दार्याँबाँया साढे ६ मीटरको सर्भिस लेनसहित १० लेनको सडक बन्नेछ । यो सडक विस्तारका लागि नेपाल सरकार र चीन सरकारबीच २०७४ फागुनमा समझदारीपत्र (एमओयू)मा हस्ताक्षर भएको थियो । एमओयूअनुसार त्यसको २ वर्षमा यो सडक खण्ड विस्तार भइसक्नुपर्ने हो । तत्कालीन अवस्थामा यो खण्डमा साइट क्लियर नभएको भन्दै चिनियाँ पक्ष सडक विस्तारमा अघि बढ्न सकेको थिएन ।

उक्त सडक लामो समयसम्म पनि विस्तार नभएपछि विभागले चीनले बनाउने मुख्य सडकलाई थाती राखेर कलंकीदेखि वसुन्धरासम्मको सर्भिस लेन बनाउन ठेक्का लगाइसकेको छ ।

वीरगञ्ज नाकामा...

'घोषित मूल्य र भन्सारको मूल्यांकन फरक परेमा जरीबाना तिराउँछ । यस्तोमा मूल्य कसरी अंकित हुन सक्छ ?' राजपालले प्रश्न गरे ।

वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको अनुरोधमा भन्सार विभागले मंगलबारदेखि यो व्यवस्था अनिवार्य गरेको हो । निजीक्षेत्रका अन्य संस्थाहरूले पनि उपभोक्ता संरक्षण ऐन, २०७५ मा रहेको यो प्रावधान कार्यान्वयन व्यावहारिक नभएको बताउँदै आएका छन् । आयात-निर्यातकर्ता व्यवसायीको संस्था नेपाल समुद्रपार निकासी पैठारी संघले भन्सार जाँचपासअगावै एमआरपीको स्टीकर लगाउन व्यावहारिक रूपमा सम्भवै नहुने बताउँदै यसलाई बिक्री गर्ने आउटलेट वा डिस्प्लेमा मात्र अनिवार्य गर्न आग्रह गरेको छ । संघले भन्सार जाँचपासअगावै एमआरपी स्टीकर लगाउँदा बेहोर्नुपर्ने कठिनाइ बुँदागत रूपमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागलाई जानकारी गराएको छ । वीरगञ्ज उद्योग वाणिज्य संघले यो निर्णयलाई हठात् र एकपक्षीय भन्दै यसले आयात, बजार व्यवस्थापन तथा आपूर्ति शृंखलामा नकारात्मक असर पार्ने बताएको छ ।

सबै ब्रोकरलाई...

कतिपय ब्रोकर कम्पनीहरूले धितोपत्र कारोबार सञ्चालक विनियमावलीको व्यवस्था कार्यान्वयन नगरेर बजारमा नकारात्मक प्रभाव परेको उल्लेख गर्दै नेप्सेले आगामी दिनमा त्यस्तो कार्य गरेको पाइएमा कानूनबमोजिम कारवाही गरिने चेतावनीसमेत दिएको छ ।पछिल्लो समय व्यवसायी दीपक भट्टको धितोपत्र कारोबारमा कोल्याटरल नलिएको र मूल्य बढाउने गरी ब्रोकरले कोल्याटरलको सीमा प्रदान गरेको बोर्डको अनुसन्धानले पुष्टि गरेसँगै नेप्सेले उक्त कार्य आगामी दिनमा नदोहोरिने गरी व्यवस्था कार्यान्वयनमा दबाब दिएको हो ।

विकल पौडेलविरुद्ध...

सम्पत्ति शुद्धीकरणको कसुरमा बिकलविरुद्ध ६१ करोड १३ लाख २१ हजार १५३ र पत्नी एलिनाविरुद्ध ७ करोड ८१ लाख ४४ हजार ५१ रुपैयाँ बिगो दाबी गरिएको छ । हाल जेलमा रहेका पौडेलविरुद्ध दायर भएको यो मुद्दा आठौं हो । उनीविरुद्ध एकपछि अर्को गर्दै सरकारले मुद्दा दायर गर्दै आएको छ ।

अधिकतम खुद्रा बिक्री मूल्य (MRP) प्रकाशनको सूचना

यस PRATIBUDDHA ENTERPRISES PVT. LTD. ले China बाट पैठारी गरेको देशायको मालवस्तुको अधिकतम खुद्रा बिक्री मूल्य (MRP) निम्न बमोजिम भएको व्यहोरा सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

S.N	CATERGORY	MODEL	BRAND	ORIGIN	CAPACITY	UNIT	MRP
1	Refrigerator Single Door	GEN-RSD110DC	Genex	China	110 ltrs	1	20500

* Note : Price are subject to change without prior notice.

Importer Name : PRATIBUDDHA ENTERPRISES PVT. LTD.
Address : Janabahal, Kathmandu, Nepal
Phone No : 9801831137
PAN No: 609638479

कीर्तिपुर बहुउद्देश्यीय सहकारी संस्था लि.

नयाँबजार, कीर्तिपुर-९, काठमाण्डौं
फोन नं.०१-४३३०६०९, ०१-४३३५५५१

ऋण चुक्ता गर्न आउने वारे ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३/०१/१७ (आर्थिक अभियान राष्ट्रिय दैनिक)

यस सहकारी संस्थाको ऋणी सदस्य गौरी प्रभा श्रेष्ठले यस सहकारी संस्थामा हायर पर्चेज शिर्षक अन्तर्गत ऋण लिई ऋणीले ऋणको सम्झौता बमोजिम तोकीएको समयावधी भित्र तिर्न बुझाउनु पर्ने रकम नबुझाई भाका नाघ्न गएको हुँदा ऋणीलाई पटक-पटक लिखित तथा मौखिक रुपमा अनुरोध पत्र पठाईएको, फोन सम्पर्क, ऋण असुली समिति र कर्मचारी गई घरदैलो गरी जानकारी गराउँदा समेत ऋण रकम नतिरी, नबुझाई ऋण सम्बन्धि शर्त बन्देजहरुको उलङ्घन गर्नु भएकोले मिति २०८२ साल चैत्र महिनाको १९ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार ऋण चुक्ता गर्न आउने बारे ३५ दिने सूचना प्रकाशित गरी ऋण चुक्ता गर्न आव्हान गरीएको छ । उल्लेखित मिति भित्र पनि तिर्न बुझाउनु पर्ने ऋण रकम तिर्न बुझाउन नआएमा सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, र संस्थाको ऋण नीति २०८१ तथा अन्य प्रचलित कानून बमोजिम तपाईको जायजेथा लिलाम बिक्री गरी जो जे बाट हुन्छ असुल उपर गरिनेछ । तपाईबाट असुल उपर हुन नसके ऋण रकम ऋण जमानी तथा धन जमानी दिनेको घर जायजेथा चल अचल श्रीसम्पत्ति जो जे हुन्छ सो समेतबाट असुल उपर गरिने व्यहोरा सम्बन्धित सबैमा यसै सूचना मार्फत् अग्रीम जानकारी गराईन्छ । थप जानकारीको लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नु होला ।

तपशिल:

क्र.सं.	ऋणीको नाम/ठेगाना	ऋणीको फोटो	साक्षीको विवरण	साक्षीको फोटो
१	**ऋणीको नाम:** गौरी प्रभा श्रेष्ठ **बाजेको नाम:** चन्द्र बहादुर श्रेष्ठ **बाबुको नाम:** लक्ष्मी बहादुर श्रेष्ठ **पतिको नाम:** रविन्द्र बज्राचार्य (ना.प्र.नं.१३२५/३३७१, मिति: २०४३।०४।१९, जि.प्र.का.काठमाण्डौं) **ठेगाना:** का.जि.का.न.पा.१४-, कलंकी		धर्मानन्द बज्राचार्यको छोरा का.जि.का.म.न.पा.बडा नं. १४ कलंकी बस्ने वर्ष ५८ को **रविन्द्र बज्राचार्य.....१**	

कर्मचारी आवश्यकता

प्रथम पटक प्रकाशित मिति: २०८३/०१/१७

यस वित्तीय संस्थाको लागि देहाय बमोजिमका कर्मचारीहरुको आवश्यकता भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रीतपूर्वक दरखास्त आह्वान गरिन्छ ।

क्र.सं.	श्रेणी/पद	विभाग/कार्यालय	सख्या	आवश्यक न्युनतम योग्यता	परीक्षाको किसिम
१	व्यवस्थापकीय श्रेणी	कर्पोरेट कार्यालय तथा संस्थाको विभिन्न तहमा रहेका कार्यालयहरु	केही	स्नातकोत्तर तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ४ वर्ष कार्य अनुभव भएको/स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ७ वर्षको अधिकृत श्रेणीमा कार्य अनुभव भएको ।	प्रस्तुतिकरण तथा अन्तरवार्ता
२	अधिकृत श्रेणी			स्नातक तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय सस्थामा कम्तिमा ३ वर्ष कार्य अनुभव भएको./१०+२ वा सो सरहको परीक्षा उत्तीर्ण गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा ४ वर्षको कार्य अनुभव भएको ।	प्रयोगात्मक तथा अन्तरवार्ता
३	सहायक श्रेणी			१०+२ वा सो सरहको परीक्षा उत्तीर्ण गरी कम्प्युटरको आधारभूत तालिम प्राप्त गरी बैंक तथा वित्तीय संस्थामा कम्तिमा २ वर्षको कार्य अनुभव भएको ।	प्रयोगात्मक तथा अन्तरवार्ता

कर्मचारी छनौट सम्बन्धी सम्पूर्ण अधिकार संस्थाको पदपूर्ति समितिमा रहनेछ ।

इच्छुक उम्मेद्वारले निवेदनका साथमा हालसाै खिचेको पासपोर्ट साइजको फोटो, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी सहितको सम्पूर्ण विवरण खुलेको वायोडाटा यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस वित्तीय संस्थाको इमेल *vacancy@nerudemirmire.com.np* मार्फत वा वित्तीय संस्थाको कर्पोरेट कार्यालय लोकन्थलीमा दरखास्त दिन सक्नेछन् । अन्य थप विवरणहरु संस्थाको वेवसाइट *www.nerudemirmire.com.np* मा हेर्न सक्नुहुनेछ ।

पदपूर्ति समिति

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.

NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

केन्द्रीय कार्यालय, बनेपा-८, काभ्रेपलान्चोक, फोन नं. ०११-६६२३१,
कर्पोरेट कार्यालय, भक्तपुर बिर्मी-१, लोकन्थली भक्तपुर, फोन नं. ०१-५९२८१६१/६२
E-mail: info@nerudemirmire.com.np, website: www.nerudemirmire.com.np

गरिमा विकास बैंक लिमिटेड

Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्राप्त संस्था

केन्द्रीय कार्यालय: काठमाण्डौ-२, लाजिम्पाट
फोन : ०१-४५४५४२४/२५/२६
वेभसाइट: www.garimabank.com.np

गरिमा विकास बैंक लिमिटेडको गैर बैंकिङ्ग सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ (सात) दिने सूचना

(सूचना प्रकाशित मिति: २०८३/०१/१७)

गरिमा विकास बैंक लिमिटेडको स्वामित्वमा रहेको तपसिल बमोजिमको गैर बैंकिङ्ग सम्पत्तिहरु जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न इच्छुक व्यक्ति तथा संस्थाहरुले विकास बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौ, क्षेत्रीय कार्यालयहरु वा आफूलाई पायक पर्ने शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फारम रितपूर्वक भरी पेश गर्नुहुन आव्हान गरिन्छ । विकास बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लेखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलकबोलकर्ता वा निजको आधिकारीक प्रतिनिधिहरुलाई यसै सूचनाद्वारा सूचित गरिएको छ । थप जानकारीको लागि कार्यालय समयभित्र विकास बैंकको केन्द्रीय कार्यालय, लाजिम्पाट काठमाण्डौमा सम्पर्क गर्न सकिनेछ ।

तपसिल

गरिमा विकास बैंक लिमिटेडको नाममा दर्ता श्रेस्ता कायम रहेका गैर बैंकिङ्ग सम्पत्तिहरुको विवरण

क्र.सं.	शाखा कार्यालय	सम्पत्तिको विवरण	सम्पत्तिको प्रकार
१	बिराटनगर शाखा	मालपोत कार्यालय बिराटनगर, मोरङमा गरिमा विकास बैंकको नाममा दर्ता श्रेस्ता कायम रहेको मोरङ जिल्ला जुवा कठकुण्पा गा.वि.स.-१/क स्थित क्षित्ता नं. ६००० र ६००२ को क्षेत्रफल क्रमशः ०-०-९.-२ र ०-०-१-२ (बिघा) भएको घर/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	घर/जग्गा

शर्त बन्देजहरु :

१. गोप्य शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले ७ दिन (मितिः २०८३/०१/२३) भित्र विकास बैंकका शाखा कार्यालयहरु वा क्षेत्रीय कार्यालयहरु वा प्रधान कार्यालयमा आइपुग्ने गरी पेश गर्नु पर्नेछ ।
२. प्राप्त बोलपत्रहरु मिति २०८३/०१/२५ गते शुक्रवार दिनको ५:०० बजे विकास बैंकको शाखा/क्षेत्रीय कार्यालय/केन्द्रीय कार्यालयमा उपस्थित प्रतिनिधि, बोलपत्रदाता वा निजहरुको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाइएका सबै प्रतिनिधि, बोलपत्रदाता वा निजको प्रतिनिधि अनुपस्थित भएपनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्नेछैन ।
३. बोलपत्र बुझाउने/बोलपत्र खोल्ने अन्तिम दिन बिदा पर्ेमा लगतै विकास बैंक खुलेको दिनमा बोलपत्र बुझाउन/खोल्न सकिनेछ ।
४. उल्लेखित सम्पत्ति जे-जस्तो अवस्था र परिमाणमा रहेको छ बोलपत्रदाताले सोही अवस्था र परिमाणमा खरिद गरी लिने गरी बोलपत्र पेश गर्नु पर्नेछ ।
५. बोलपत्रदाताले आफूले खरिद गर्न चाहेको सम्पत्तिको बोलपत्रमा कबोल गरेको अंकको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत बैंकमा बुझाएको सक्कल रसिद, भौचर वा सो रकम बराबरको विकास बैंकको नाममा खिचिएको Good for payment cheque/manager cheque शिलबन्दी बोलपत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ ।
६. बोलपत्रमा आफुले कुन-कुन सम्पत्ति के-कति दर र रकममा खरिद गरी लिन चाहेको हो सो को विवरण अंक र अक्षरमा स्पष्ट खुलाउनु पर्नेछ । बोलपत्र पेश गर्दा फरक फरक सम्पत्तिका लागि फरक फरक बोलकबोल रकम उल्लेख गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार विकास बैंकमा निहित रहनेछ ।
८. म्याद नाघी, रीत नपुगी वा अमान्य शर्त राखि पेश गरिएका बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन ।
९. बोलपत्रदाताले आफ्नो नेपाली नागरिकताको प्रमाण–पत्र वा कानुन बमोजिम दर्ता भएको संस्था फर्म वा कम्पनी भए सो को दर्ता प्रमाण–पत्र र स्थायी लेखा नम्बर प्रमाण पत्रको फोटोकपी संलग्न गरेको हुनुपर्नेछ ।
१०. बोलपत्र स्वीकृत भएको जानकारी पाएको पत्रको मितिले एक्काईस (२१) दिनभित्र धरौटी राखेको बाहेकको बाँकी रकम यस बैंकमा जम्मा गर्नु पर्नेछ । तोकिएको अवधिमा रकम जम्मा नगरेमा धरौटी वापत जम्मा गरेको रकम जफत हुनेछ । बोलपत्र अस्वीकृत भएमा धरौटी रकम फिर्ता गरिनेछ र यस रकममा कुनै ब्याज दिइने छैन ।
११. स्वीकृत भएको बोलपत्रदाताले स्वीकृत बोलपत्र बमोजिमको सम्पत्ति आफ्नो नाममा नामसारी गरि लिनु पर्नेछ र सो गर्दा कानुन बमोजिम लाग्ने नामसारी वै-दस्तुर लगायतका अन्य खर्चहरु आदि बोलपत्रदाताले नै बेहोर्नु पर्नेछ ।
१२. बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय वा सम्बन्धित शाखा कार्यालयहरुबाट रु.१,००० तिरी प्राप्त गर्न सकिनेछ उक्त धरौटी रकम फिर्ता हुने छैन ।
१३. बोलपत्र बमोजिम बिक्री गरिने सम्पत्ति हेर्न, निरीक्षण गर्न र सो बारे अन्य थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र बैंकको केन्द्रीय कार्यालय, क्षेत्रीय कार्यालयहरु वा सम्बन्धित शाखा कार्यालयहरुमा सम्पर्क राख्न सकिनेछ ।

अडान नेपाल इन्कर्पोरेशन लिमिटेड

नयाँ बानेश्वर, काठमाडौं ।

संस्थापकहरुप्रति शेयर रकम कल सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३।०१।१७

सम्पूर्ण संस्थापक महानुभावहरूलाई सूचित गरिन्छ कि अडान नेपाल इन्कर्पोरेशन लिमिटेडको संस्थापकहरूले लिन कबोल गरेको शेयरको अन्तिम किस्ता रकम कम्पनी ऐन, २०६३ र कम्पनीको स्वीकृत नियमावली बमोजिम माग गर्ने निर्णय गरी सोको सार्वजनिक सूचना मिति २०८२।१२।१७ मा प्रकाशित गरिएको छ तर म्याद भित्र पनि केही संस्थापकहरूले शेयर बापतको रकम जम्मा नगरेको हुँदा अन्तिम पटकको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र अडान नेपाल इन्कर्पोरेशन लिमिटेडको तपशिलको बैंक खातामा रकम जम्मा गर्नु होला अन्यथा कम्पनी ऐन, २०६३ को दफा ५३ बमोजिम लिन कबोल गरेको शेयर जफत गरिने छ ।

बैंकको नामः नबिल बैंक लिमिटेड
शाखाः नयाँ बानेश्वर, काठमाडौं
खाता नं.: ०३१०१०१७५०२७३६

थप जानकारीको लागि कृपया हाम्रो कार्यालय वा तल दिइएको सम्पर्क माध्यम प्रयोग गर्नुहोस ।

सम्पर्क नम्बरः ०१-४५८७८८३
इमेलः audanincorporation@gmail.com
कार्यालय ठेगानाः नयाँ बानेश्वर, काठमाडौं ।
अडान नेपाल इन्कर्पोरेशन लिमिटेड

संस्थापक समुहको शेयर बिक्री सम्बन्धी सूचना

प्रकाशित मिति : २०८३/०१/१७

यस वित्तीय संस्थाको तपशिलमा उल्लेखित संस्थापक शेयरधनीले आफ्नो नाममा रहेको संस्थापक शेयरहरु मध्ये बाट तपसिलमा उल्लेख भए अनुसार शेयर बिक्री गर्न सञ्चालक समिति मार्फत आवेदन दिनु भएकोले सो संस्थापक शेयर खरिद गर्न यस वित्तीय संस्थाका विद्यमान संस्थापक शेयरधनीहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त संस्थापक शेयरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस वित्तीय संस्थाको कर्पोरेट कार्यालय मध्यपुर थिमी नगरपालिका-१ लोकन्थली भक्तपुरमा लिखित जानकारी गराउन हुन अनुरोध गरिन्छ । तोकिएको समयावधि भित्र विद्यमान संस्थापकहरुबाट शेयर खरिद गर्ने सम्बन्धमा कुनै लिखित जानकारी प्राप्त हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंकको एकिकृत निर्देशन तथा अन्य प्रचलित कानुन बमोजिम शेयर बिक्रि प्रकृया अगाडि बढाईने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

तपशिल

क्र.सं.	बिक्री गर्न चाहेको संस्थापक शेयरधनी	बिक्री गर्न चाहेको शेयर
१	श्री कोपिला राई	१,००,००० कित्ता
२	श्री बासु खड्का	५,३६० कित्ता
३	श्री कुमार भट्टराई	४४७ कित्ता
	जम्मा कित्ता शेयर	१,०५,८०७ कित्ता

नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लि.

NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको वित्तीय संस्था

केन्द्रीय कार्यालय, बनेपा-८, काभ्रेपलान्चोक, फोन नं. ०११-६६२३१,
कर्पोरेट कार्यालय, भक्तपुर बिर्मी-१, लोकन्थली भक्तपुर,